निर्णयहरुः

१.यस कार्यालयवाट हुने सेवाप्रवाह, कर्मचारी उपस्थिति, विदा तथा अन्य कामकारवाहीहरु प्रभावकारी रुपमा सु-सञ्चालन गर्ने ।

२.यस कार्यालय तथा जिल्ला समन्वय समितिको लागि कानूनतः प्रदत्त संघ, प्रदेश र स्थानीय तहवाट हुने विकास निर्माण समेतका योजना तथा कार्यक्रमहरुको प्रभावकारीता अभिवृद्धि गर्नको लागि हुने अनुगमन/निरीक्षणको कार्यमा प्रभावकारी समन्वय तथा सहजीकरण गर्ने ।

३.कार्यालयसँग उपलव्ध साधनश्रोतको मीतव्ययी तथा प्रभावकारी रुपमा उपयोग/व्यवस्थापन गर्ने ।

४.नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट (च.नं.२७७ मिति २०८०/०१/१९) परिपत्र भएवमोजिम यस कार्यालयको नाममा रहेको वेरुजु फछ्र्यौट कार्यलाई उच्च प्राथमिकतामा राखी कार्यसञ्चालन गर्ने ।

५.सवै तहका सरकारहरुवाट यस जिल्लामा सञ्चालन हुने आयोजना तथा कार्यक्रमको प्रभावकारी अनुगमन/निरीक्षण गर्नको लागि जिल्लास्थित सम्वन्धित सवै कार्यालय प्रमुखहरु र प्रमुख प्रशासकीय अधिकृतहरुको वैठक बोलाउने ।

६.यस कार्यालयसँग एकमात्र चारपाङ्ग्रे सवारी साधन रहेको,सो सवारी साधन समेत अति जीर्ण अवस्थामा रहेको, उक्त सवारी साधन प्रमुखज्यूले प्रयोग गर्दै आउनुभएको, कार्यालय व्यवस्थापन, सेवाप्रवाह तथा जिल्ला समन्वय अधिकारी समेत पदाधिकारी एवम् कर्मचारीको आवागमन र अनुगमन निरीक्षणको कार्य सवारी साधनको अभावमा प्रभावकारी रुपमा सञ्चालन हुन नसकेकोले नेपाल सरकार, निर्वाचन आयोग तथा अन्य नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारका निकायहरुमा एक चार पाङ्ग्रे सवारीसाधन माग गरी पठाउने ।

२०८१/०२/०२